**संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको**
**कार्यालय - नेपाल**
**प्रेस विज्ञप्ति - २०६४ माघ १५**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

# मानवअधिकार उप-उच्चायुक्त क्युङ-ह्वा काङद्वारा नेपाल भ्रमण

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उप-उच्चायुक्त क्युङ-ह्वा काङ पाँच-दिने भ्रमणका लागि बुधबार (माघ १६ गते) नेपाल आइपुग्नु हुनेछ। उहाँको भ्रमणको मुख्य उद्देश्य मानवअधिकार उच्चायुक्तको कार्यालयका संसारभरका विभिन्न मुलुकमा रहेका कार्यालयहरूमध्ये सर्वाधिक ठूलो उच्चायुक्तको कार्यालय-नेपालका गतिविधिहरू प्रत्यक्षरूपमा बुझ्नु हो।

उप-उच्चायुक्तले वर्तमान मानवअधिकार स्थितिको पनि मूल्याङ्कन गर्नुहुनेछ। त्यस सम्बन्धमा, उहाँले नेपाल सरकार, अन्मिन तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरू, राष्ट्रिय मानवअधिकार आयोग, अन्तर्राष्ट्रिय समुदाय तथा नागरिक समाजका प्रतिनिधिहरूसँग बैठक गर्नुहुनेछ। आइतबार (माघ २० गते) उहाँको प्रस्थानअघि पत्रकार सम्मेलन गरिनेछ। पत्रकार सम्मेलनबारे जानकारी आगामी दिनमा उपलब्ध गराइनेछ।

**व्यक्तिवृत्तान्त:**

क्युङ-ह्वा काङलाई सन् २००६ सेप्टेम्बरमा मानवअधिकार उप-उच्चायुक्तमा नियुक्त गरियो र उहाँले सन् २००७ जनवरी १५ (२०६३ माघ १ गते) मा पद सम्हाल्नुभयो। उहाँको पद सहायक महासचिवसरह रहेको छ।

संयुक्त राष्ट्रसङ्घमा प्रवेश गर्नुअघि गणतन्त्र कोरियाली नागरिक काङ सो गणतन्त्रको विदेश तथा व्यापार मन्त्रालयको अन्तर्राष्ट्रिय सङ्गठनसम्बन्धी महानिर्देशक हुनुहुन्थ्यो। उहाँले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि गणतन्त्र कोरियाली मिसनमा कूटनीतिज्ञका रूपमा समेत कार्य गर्नुभयो र सन् २००४ मा महिलाको अवस्थासम्बन्धी आयोगको अठचालीसौं अधिवेशन तथा सन् २००५ मा चौथो विश्व महिला सम्मेलनको दसौं वार्षिकोत्सवका रूपमा स्मरण गरिएको सो आयोगको उनन्चासौं अधिवेशनको अध्यक्षता गर्नुभयो।

परराष्ट्र सेवामा सन् १९९८ मा प्रवेश गर्नुअघि काङले गणतन्त्र कोरियाको राष्ट्रिय संसदमा काम गर्नुभयो जहाँ उहाँले मानवअधिकार, महिला विकास तथा संसदीय कूटनीतिक क्षेत्रसम्बन्धी विश्वव्यापी मुद्दाहरूमा गणतन्त्र कोरियाको राष्ट्रिय सभाका सभामुखलाई सहयोग गर्नुभयो। त्यस अवधिमा उहाँले सन् १९९५ को बेइजिङ सम्मेलनमा कोरियाली महिला गैसस समितिको प्रवक्ताका रूपमा पनि कार्य गर्नुभयो। त्यसअघि आफ्नो पेसागत जीवनमा उहाँले कोरियन ब्रोडकास्टिङ सिस्टममा काम गर्नुभयो र कोरिया तथा संयुक्त राज्य अमेरिका दुवै देशका विश्वविद्यालयहरूमा प्राध्यापकका रूपमा काम गर्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org